**CRNA–C–NPLI**

# नेपाली

( अनिवार्य )

अनुज्ञापित समय : तीन घण्टा

अधिकतम अङ्क : 300

**प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली**

**कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।

प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर नेपाली (देवनागरी लिपि)-मा लेख्नु अनिवार्य छ।

प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिए-अनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ।

प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

# NEPALI

**( Compulsory )**

Time Allowed : Three Hours

Maximum Marks : 300

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.

**1.** निम्नलिखित कुनै **एक** विषयमा *600* शब्दहरूमा निबन्ध लेख्नुहोस् : 100

*(a)* नवीकरणीय ऊर्जा : सम्भावनाहरू र चुनौतीहरू

*(b)* सञ्चार क्रान्तिको महत्त्व

*(c)* खेलकुदहरूको बढ्दो व्यवसायीकरण

*(d)* खानपानको स्वास्थ्यमाथि प्रभाव

**2.** निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढ्नुहोस् अनि त्यसको आधारमा तल दिइएका प्रश्नहरूका उत्तर स्पष्ट, सठीक र संक्षिप्त भाषामा दिनुहोस् : 12×5=60

औपनिवेशिक शासन बेहिसाब तथ्याङ्कहरू अनि जानकारीहरूका संग्रहमा आधारित थियो। अंग्रेजहरूले आफ्नो व्यावसायिक मामिलाहरूलाई चलाउनका लागि व्यापारिक गतिविधिहरूको विस्तृत बेहोरा राखेका थिए। बढ्दो शहरमा जीवनको गति र दिशाप्रति दृष्टि पुर्‍याउनका लागि तिनीहरूले नियमित सर्वेक्षण गर्दथे, साङ्ख्यिकीय तथ्याङ्कहरू एकत्रित गर्दथे र विभिन्न प्रकारका सरकारी रिपोर्टहरू प्रकाशित गर्दथे।

प्रारम्भिक वर्षहरूदेखि नै औपनिवेशिक सरकारले मानचित्र तयार गर्नपट्टि विशेष ध्यान दिएको थियो। सरकारलाई विश्वास थियो कि कुनै पनि ठाउँको बनावट र त्यहाँको भूदृश्य बुझ्नको लागि नक्शाको आवश्यकता पर्छ। यो जानकारीको आधारमा ती इलाकाहरूमा धेरै राम्रोसँग नियन्त्रण कायम गर्न सक्दथे। जब शहर बढ्न थाल्यो तब नै त्यहाँको विकासको योजना तयार गर्नका लागि साथै व्यवसाय विकसित गर्न र आफ्नो सत्ता दह्रिलो पार्नका लागि नक्शाहरू बनाउन थालियो। शहरहरूको नक्शाहरूद्वारा हामीलाई ती ठाउँहरूका पहाडहरू, नदीहरू र हरियालीको थाहा लाग्दछ। यी सबै चीजहरू रक्षा सम्बन्धी उद्देश्यका लागि योजना तयार गर्न धेरै काम आउँछ। यसका अतिरिक्त घाटहरूका ठाउँ, घरहरूको बाक्लोपन र गुणवत्ता तथा सडकहरूको स्थिति आदिदेखि इलाकाका व्यावसायिक सम्भावनाहरूको पत्तो लगाउने र कर-व्यवस्थाको उपायहरू बनाउनमा सहयोग प्राप्त हुँदछ।

उन्नाइसौं शताब्दीको आखिरदेखि अंग्रेजहरूले वार्षिक नगरपालिका कर संग्रहका माध्यम शहरहरूको सुरक्षालाई ध्यानमा राखेर पैसा जम्मा गर्ने कार्यको प्रयास शुरू गरेका थिए। द्वन्द्वहरूबाट बाँच्नका लागि उनीहरूले केही जिम्मेवारीहरू निर्वाचित भारतीय प्रतिनिधिहरूलाई पनि सुम्पिएका थिए। आंशिक लोक प्रतिनिधित्वद्वारा सामान्य नगरनिगम जस्ता संस्थानहरूको उद्देश्य शहरहरूमा जलापूर्ति, निकास, सडक-निर्माण र स्वास्थ्य-व्यवस्था जस्ता अत्यावश्यक सेवाहरू उपलब्ध गराउनु थियो। अर्कोतिर, नगरनिगमहरूको गतिविधिहरूद्वारा नयाँ किसिमका तथ्यहरूलाई थुपारेर नगरपालिका तथ्यकेन्द्रमा राख्न थालियो।

शहरहरूको बढ्दो अवस्थालाई ध्यानमा राखेर नियमित रूपमा जनसाधारणको गणना गरिन्थ्यो। उनाइसौं शताब्दीको मध्यसम्म विभिन्न क्षेत्रहरूमा धेरै ठाउँहरूमा स्थानीय स्तरमा जनगणना गरिसकिएको थियो। अखिल भारतीय जनगणनाको पहिलो प्रयास 1872 मा भएको थियो। त्यसपछि, 1881 देखि दसकीय (प्रत्येक दस वर्षमा हुने) जनगणना एउटा नियमित व्यवस्था बन्न गयो। भारतमा शहरीकरणको अध्ययन गर्नका लागि जनगणनाबाट पाइएका तथ्यहरू नै बहुमूल्य स्रोत हुन्।

जब हामी यी रिपोर्टहरूलाई हेर्दछौं तब यस्तो लाग्दछ कि हामीसित ऐतिहासिक परिवर्तनलाई जोख्नका निम्ति ठोस जानकारी उपलब्ध छ। बिमारीहरूका कारण हुने मृत्युदरको अन्तहीन सिलसिला, वा उमेर, लिङ्ग, जाति एवम् व्यवसाय-अनुसार

जनसाधारणको गणना गर्ने व्यवस्थाबाट सङ्ख्याहरूको विशाल भण्डार प्राप्त हुँदछ जसद्वारा सटीकताको भ्रम पैदा हुन्छ। तर इतिहासकारहरूले पाएका छन् कि ती तथ्यहरू भ्रामक पनि हुनसक्छ। ती तथ्यहरूको प्रयोग गर्नभन्दा पहिल्यै हामीले यस कुरालाई राम्ररी बुझ्न पर्दछ कि तथ्याङ्कहरू कसले एकत्रित गरेका हुन्, अनि किन अनि कसरी एकत्रित गरिएको थियो। हामीलाई यो पनि थाहा हुन पर्दछ कि कुन विषयलाई जोखियो अनि कुन विषयलाई जोखिएन।

*(a)* औपनिवेशिक शासन चलाउनमा तथ्याङ्कहरूको के महत्त्व थियो?

*(b)* औपनिवेशिक शासकहरूलाई मानचित्र किन महत्त्वपूर्ण थियो?

*(c)* औपनिवेशिक अभिलेखहरूको माध्यमद्वारा शहरीकरणको अध्ययन कसरी गर्न सकिन्छ?

*(d)* किन इतिहासकारहरूले तथ्याङ्कलाई सधैँ सन्देहमुक्त मान्दैनन्?

*(e)* औपनिवेशिक शासकहरूको कर सम्बन्धी के-कस्ता नीति थिए?

**3.** निम्नलिखित अनुच्छेदको सारांश *एक-तिहाई* शब्दहरूमा लेख्नुहोस्। यसको शीर्षक लेख्ने आवश्यक छैन। सारांश आफ्नै शब्दहरूमा लेख्नुहोस् : 60

साधारणतया 'विकास' शब्दको अभिप्राय समाज विशेषको स्थिति र त्यसबाट अनुभव गरिएको परिवर्तनको प्रक्रियासित हुन्छ। मानव इतिहासको लामो अन्तरालमा समाज र उसको जैव-भौतिक पर्यावरणको निरन्तर अन्तःक्रियाहरूले समाजको स्थितिको निर्धारण गर्दछ। मानव र पर्यावरण अन्तःक्रियाको प्रक्रियाहरू यो कुरामा निर्भर गर्दछ कि समाजले कुन प्रकारको प्रौद्योगिकी विकसित गरेको छ अनि कुन प्रकारका संस्थाहरूलाई पोषित गरेको छ। प्रौद्योगिकी र संस्थाहरूले मानव-पर्यावरण अन्तःक्रियालाई गति प्रदान गर्दछ तब त्यसबाट उत्पन्न भएको संवेगले प्रौद्योगिकीको स्तरमाथि उठाउँछ र अनेक संस्थाहरूको निर्माण र रूपान्तरण गर्दछ। अतः विकास एउटा बहु-आयामी संकल्पना हो अनि अर्थव्यवस्था, समाज तथा पर्यावरणमा सकारात्मक तथा अनुत्क्रमणीय परिवर्तनको द्योतक हो।

विकासको अवधारणा गतिशील छ र यो अवधारणाको प्रादुर्भाव बिसौं शताब्दीको उत्तरार्द्धमा भएको हो। दोस्रो विश्वयुद्ध पश्चात् विकासको अवधारणा आर्थिक वृद्धिको पर्याय थियो जसबाट समग्र राष्ट्रीय उत्पाद (GNP), प्रतिव्यक्ति आय र प्रतिव्यक्ति उपभोगमा समयानुकूल वृद्धिका रूपमा आकलन हुने गर्छ। तर अधिक आर्थिक वृद्धि गर्ने देशहरूमा असमान वितरणको कारण गरिबीको स्तर खुबै द्रुत गतिमा बढेर गयो। अतः 1970 को दसकमा 'पुनर्वितरणको साथ वृद्धि' तथा 'वृद्धि र समानता' जस्ता वाक्यांश विकासको परिभाषामा सामेल गरियो। पुनर्वितरण र समानताको प्रश्नहरूलाई समाधान गर्दै यो अनुभव हुन्छ कि विकासको अवधारणालाई मात्र आर्थिक सीमासम्म सीमित राख्न सकिँदैन। यसमा जनसाधारणको कल्याण र रहन-सहनको स्तर, जन-स्वास्थ्य, शिक्षा, समान अवसर र राजनैतिक तथा नागरिक अधिकारहरूसित सम्बन्धित विषयहरू नै सम्मिलित हुन्छन्। 1980 को दसकसम्म विकास एक बहु-आयामिक अवधारणाको रूपमा देखा परेको छ जसमा समाजका सबै जनसाधारणका लागि वृहत् स्तरमा सामाजिक एवम् भौतिक कल्याणको समावेश रहेको छ।

1960 को दसकको अन्त्यतिर पश्चिमी देशहरूमा पर्यावरण सम्बन्धी विषयहरूमाथि बढ्दो जागरूकताको सामान्य वृद्धिका कारण सतत ग्रहणयोग्य धारणाको विकास भयो। यसबाट पर्यावरणमा औद्योगिक विकासको अनपेक्षित प्रभावहरूका विषयमा जनसाधारणको उद्विग्नता प्रकट हुने गर्थ्यो।

पर्यावरणीय विषयहरूमा विश्व समुदायको बढ्दो उद्विग्नतालाई ध्यानमा राखेर संयुक्त राष्ट्र संघले 'विश्व पर्यावरण अनि विकास आयोग (WCED)'-को स्थापना गर्‍यो जसको प्रमुख नर्वेका प्रधानमन्त्री ग्रो हर्लेम ब्रुंटलैंड थिए। यस आयोगले आफ्नो रिपोर्ट 'आवर कम्मन फ्युचर' (जसलाई ब्रुंटलैंड रिपोर्ट पनि भनिन्छ) 1987 मा प्रस्तुत गर्‍यो। WCED ले सतत ग्रहणयोग्य विकासलाई सहज, सरल र वृहत् स्तरमा प्रयुक्त परिभाषा प्रस्तुत गर्‍यो। यस रिपोर्टले ग्रहणयोग्य विकासलाई यसरी

परिभाषित गरेको छ — "एक यस्तो विकास जसमा भविष्यमा आउने पिँढीको आवश्यकता पूर्तिलाई प्रभावित नगरिकन वर्तमान पिँढीद्वारा आफ्नो आवश्यकताको पूर्ति गर्नु पर्नेछ।"

**4.** निम्नलिखित गद्यांशलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

प्रेमचन्दले भनेका छन् कि कथाहरू चारैतिर छरिएका छन्, प्रश्न के हो भने तिनीहरूलाई समाउनु पर्ने हुन्छ। यो यस्तो हो कि प्रत्येक व्यक्ति र प्रत्येक वस्तुको आ-आफ्नो जीवन हुन्छ, बाँकी सबैदेखि अलग। त्यसको एक आरम्भ, विकास र फेरि अन्त पनि हुन्छ। सबैको कुनै न कुनै कथा हुन्छ। जसरी एकजना व्यक्ति अर्कोसँग दुरुस्त मिल्दैन, त्यसरी नै उसको आफ्नो जीवन-कथा अरूसँग मिल्दैन।

यस्तो कुनै व्यक्ति हुँदैन जसले आफ्नो कथा लेख्न सक्तैन। मेरो आत्मकथा मेरो जीवनको कथा हो। यो केवल मेरो कथा नै हो। अनि जहाँसम्म मेरो जीवनले अरूको जीवनलाई छुन्छ त्यहाँसम्म त्यो अर्काको पनि कथा हुन्छ। अनि जहाँसम्म मेरो जीवनको एउटा समय, समाज वा समूहको प्रतिनिधि जीवन हुन्छ त्यहाँसम्म त्यो सबैको कथा बन्न जान्छ। प्रत्येक व्यक्तिको जीवन कथामा बद्लिनु योग्य हुन्छ।

तपाईं कलम हातमा लिनुहुन्छ अनि कागजमा केही लेख्न थाल्नुहुन्छ। सबभन्दा राम्रो हो आफ्नै जीवनबाट शुरू गर्नु। आफ्नो बारेमा, बाल्यकालदेखि लिएर आजसम्म जे-जे भयो ती सबै। यही नै आत्मकथा हो। आत्मकथाको पहिलो शर्त हो सफा-सफा साँचो भन्नु।

यसका लागि पनि अभ्यास जरूरी छ। नैतिक साहस जरूरी छ। यदि पुरै आत्मकथा नलेखिए पनि संस्मरण वा डायरी लेख्न सकिन्छ। धेरै दिन र वर्षहरूका डायरी आत्मकथा बन्दछ।

**5.** निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

Socrates was one of the celebrated Greek thinkers who became very influential in the development of Greek philosophy in particular and Western philosophy in general.

Socrates tried to bring radical changes in the society. But his attempts in the social field were not accepted and appreciated by the authorities. But convinced of his principles Socrates continued his efforts. The authorities considered him as a threat to their existence and as a result he was arrested and sent to prison. Later, he was given capital punishment because he was frank and outspoken. When he received the news of the death penalty he was not at all shaken.

It confused all the officials and even Socrates' own disciples because they had never seen a person accepting the news of his death penalty with a smiling face. When asked why so, he replied, "I have been preparing for death all my life. I have never done anything wrong to any man. That is why I am able to accept even death with a smiling face."

In his use of critical reasoning, by his unwavering commitment to truth and through the vivid example of his own life, Socrates set the standard for all subsequent Western philosophy.

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

गिरीश ; लघूर्मि ; हिमर्तु ; इत्यादि ; एकच्छत्र ; संसार ; निष्ठा ; राजगृह।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थक शब्दहरूको प्रत्येकको दुइ-दुइवटा भिन्न अर्थ लेख्नुहोस् : 5

हार ; पक्ष ; पेटी ; तान ; कलम ; मास ; वर।

*(b)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको विपरीत शब्द लेख्नुहोस् : 5

उचित ; कालो ; लौकिक ; वियोग ; अवाच्य ; वृहत् ; सूक्ष्म।

*(ii)* तलका कुनै **पाँच** समस्तपदलाई विग्रह गर्नुहोस् : 5

कनचिरा ; आमरण ; जिज्ञासु ; दोपाया ; सुलभ ; लिप्सा ; मेधावी।

*(c)* *(i)* तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

अन्त पाउनु ; आँखा गाड्नु ; कान दिनु ; छक्क पर्नु ; छापा मार्नु ; जरा खन्नु ; छाती फुलाउनु।

*(ii)* तलका कुनै **पाँच** उखानहरूलाई पूरा गर्नुहोस् : 5

(1) ताक परे तालुमा .........।

(2) अँध्यारोको काम .........।

(3) लाटोको देशमा .........।

(4) आफ्नो-आफ्नो डम्फू .........।

(5) इन्द्रको अगाडि .........।

(6) राजाको काम .........।

(7) नहुनु मामा भन्दा .........।

(8) म कुटे जस्तो गर्छु .........।

*(d)* *(i)* तलका कुनै **पाँच** प्रत्यय लगाएर पाँचवटा शब्द बनाउनुहोस् : 5

आलो ; त्यज ; नी ; इका ; आलु ; उक ; अन्त।

*(ii)* तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) जो कहिल्यै पनि मर्दैन।

(2) चिठी बोक्ने मानिस।

(3) झटपट कविता कोर्न सक्ने मानिस।

(4) जो दुवैतर्फ छर्लङ्ग देख्न सकिन्छ।

(5) जसको तुलना गर्न सकिन्दैन।

(6) पानीमा बस्ने प्राणी।

(7) काम गरेको सट्टामा दिइएको रकम।

(8) काममा ढङ्ग नपुऱ्याउने व्यक्ति।

★★★